# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, जेठ ५ गते २०४५ साल (अतिरिक्ताङ्क ६ (क)


## भाग ३

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना १

खण्ड ३६, मिति २०४३।१०।१५ अतिरिक्ताङ्क ४४ (आ) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम गठित देहायका जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालतहरूको अध्यक्षमा श्री ५ को सरकारले देहायबमोजिम हेरफेर गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. झापा जिल्ला वनक्षेत्र सुदृढीकरण सम्बन्धी विशेष अदालत अध्यक्ष– माननीय श्री भूपाल किरांती ।

२. नवलपरासी जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालत अध्यक्ष– माननीय श्री कृष्णप्रसाद उप्रेती ।

३. कैलाली जिल्ला वनक्षेत्र सुदृढीकरण सम्बन्धी विशेष अदालत अध्यक्ष– माननीय श्री पदमबहादुर सापकोटा ।

### सूचना २

विशेष अदालत ऐन, २०३१ को दफा ३ र ५ को उपदफा (१) (२) र (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिमको अध्यक्ष तथा सदस्य हुने भएको तीन सदस्यीय मोरङ जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालत गठन गरी यो आदेश जारी गरेको छ ।



९२६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. माननीय श्री वीरेन्द्रकेशरी पोखरेल — अध्यक्ष
२. जिल्ला न्यायाधीश, सम्बन्धित जिल्ला अदालत — सदस्य
३. जिल्ला वन नियन्त्रक, सम्बन्धित जिल्ला वन कार्यालय — सदस्य

१. उक्त विशेष अदालतलाई मोरङ जिल्ला वनक्षेत्र सुदृढीकरण आयोगको कार्य क्षेत्रभित्र पर्ने देहायको सम्बन्धमा परेको वा पर्ने उजूरीहरू लिई कारवाही र किनारा गर्ने गरी अधिकार सुम्पिएको तथा तोकिएको छ ।

(क) जग्गासम्बन्धी तेरो मेरो हक बेहक र नम्बरीको नाताले सरकारी जग्गा वा वनक्षेत्र ओगटी उठेका खिचोलासम्बन्धी उजूरीहरू,

(ख) वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ बमोजिमका उजूरीहरू,

(ग) सो क्षेत्रभित्र वन र सरकारी जग्गामा अतिक्रमण, बसोबास र जग्गा वितरण तथा जग्गा दर्ता सम्बन्धमा र वन ऐन, २०१८ अन्तर्गत सजाय हुने अपराधसम्बन्धी उजूरीहरू,

(घ) उक्त क्षेत्रको जग्गा नाप जाँचसम्बन्धी उजूरीहरू,

(ङ) मुआब्जा कायम गर्ने, सुरक्षा पेटी हटाउने र खारेज गर्दाका अवस्थामा र सो जरियासम्बन्धी उजूरीहरू,

(च) मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (४), दफा २९ र ३० अन्तर्गतका उजूरीहरू ।

२. यो विशेष अदालत कायम रहुन्जेल खण्ड ३५, मिति २०४२।११।२७ संख्या ४७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ को दफा १० को उपदफा (१) को अधिकार प्रयोग गरी सम्बन्धित जिल्लाको हकमा गठन गरिएको वन संरक्षण विशेष अदालतको अधिकार क्षेत्रभित्र परेका उजूरीहरू समेत लिई कारवाही र किनारा गर्न सुम्पिएको छ ।

३. यस विशेष अदालतको कार्यावधि २०४५ साल आषाढ मसान्तसम्म हुनेछ ।

४. यस विशेष अदालतले आफ्नो मुकाम मोरङ जिल्लाको जहाँसुकै पनि कायम गर्न सक्नेछ ।

५. खण्ड ३६, मिति २०४३।१०।१५ अतिरिक्ताङ्क ४४ (आ) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम गठित मोरङ-सुनसरी जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालतबाट किनारा हुन बाँकी रहेका मुद्दाहरूमध्ये मोरङ जिल्लासंग सम्बन्धित मुद्दाहरू यस विशेष अदालतले कारवाही र किनारा गर्न सक्नेछ ।

६. खण्ड ३६, मिति २०४३।१०।१५ अतिरिक्ताङ्क ४४ (आ) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना २ बमोजिम गठित मोरङ-सुनसरी जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालत विघटन गरिएको छ ।

१२८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

विशेष अदालत ऐन, २०३१ को दफा ३ र ५ को उपदफा (१) (२) र (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिमको अध्यक्ष तथा सदस्यहरू भएको तीन सदस्यीय सुनसरी जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालत गठन गरी यो आदेश जारी गरेको छ ।

१. माननीय श्री वैकुण्ठबहादुर चन्द — अध्यक्ष
२. जिल्ला न्यायाधीश, सम्बन्धित जिल्ला अदालत — सदस्य
३. जिल्ला वन नियन्त्रक, सम्बन्धित जिल्ला वन कार्यालय — सदस्य

१. उक्त विशेष अदालतलाई सुनसरी जिल्ला वनक्षेत्र सुदृढीकरण आयोगको कार्य क्षेत्रभित्र पर्ने देहायको सम्बन्धमा परेको वा पर्ने उजूरीहरू लिई कारवाही र किनारा गर्ने गरी अधिकार सुम्पिएको तथा तोकिएको छ ।

(क) जग्गासम्बन्धी तेरो मेरो हक बेहक र नम्बरीको नाताले सरकारी जग्गा वा वनक्षेत्र श्रोगटी उठेका खिचोलासम्बन्धी उजूरीहरू,

(ख) वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ बमोजिमका उजूरीहरू,

(ग) सो क्षेत्रभित्र वन र सरकारी जग्गामा अतिक्रमण, बसोबास र जग्गा वितरण तथा जग्गा दर्ता सम्बन्धमा र वन ऐन, २०१८ अन्तर्गत सजाय हुने अपराधसम्बन्धी उजूरीहरू,

(घ) उक्त क्षेत्रको जग्गा नाप जाँचसम्बन्धी उजूरीहरू,

(ङ) मुआब्जा कायम गर्ने, सुरक्षा पेटी हटाउने र खारेज गर्दाका अवस्थामा र सो जरियासम्बन्धी उजूरीहरू,

(च) मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (४), दफा २९ र ३० अन्तर्गतका उजूरीहरू ।

२. यो विशेष अदालत कायम रहुन्जेल खण्ड ३५, मिति २०४२।११।२७ संख्या ४७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ को दफा १० को उपदफा (१) को अधिकार प्रयोग गरी सम्बन्धित जिल्लाको हकमा गठन गरिएको वन संरक्षण विशेष अदालतको अधिकार क्षेत्रभित्र परेका उजूरीहरू समेत लिई कारवाही र किनारा गर्न सुम्पिएको छ ।

३. यस विशेष अदालतको कार्यावधि २०४५ साल आषाढ मसान्तसम्म हुनेछ ।

४. यस विशेष अदालतले आफ्नो मुकाम सुनसरी जिल्लाको जहाँसुकै पनि कायम गर्न सक्नेछ ।

१२९



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. खण्ड ३६, मिति २०४३।१०।१५ अतिरिक्ताङ्क ४४ (आ)को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम गठित मोरङ-सुनसरी जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालतबाट किनारा हुन बाँकी रहेका मुद्दाहरूमध्ये सुनसरी जिल्लासंग सम्बन्धित मुद्दाहरू यस विशेष अदालतले कारवाही र किनारा गर्न सक्नेछ ।

## सूचना ४

विशेष अदालत ऐन, २०३१ को दफा ३ र ५ को उपदफा (१) (२) र (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिमको अध्यक्ष तथा सदस्यहरू भएको तीन सदस्यीय मकवानपुर जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालत गठन गरी यो आदेश जारी गरेको छ ।

१. माननीय श्री रेगबहादुर सुवेदी — अध्यक्ष
२. जिल्ला न्यायाधीश, सम्बन्धित जिल्ला अदालत — सदस्य
३. जिल्ला वन नियन्त्रक, सम्बन्धित जिल्ला वन कार्यालय — सदस्य

१. उक्त विशेष अदालतलाई मकवानपुर जिल्ला वनक्षेत्र सुदृढीकरण आयोगको कार्य क्षेत्रभित्र पर्ने देहायको सम्बन्धमा परेको वा पर्ने उजूरीहरू लिई कारवाही र किनारा गर्ने गरी अधिकार सुम्पिएको तथा तोकिएको छ ।

(क) जग्गासम्बन्धी तेरो मेरो हक बेहक र नम्बरीको नाताले सरकारी जग्गा वा वनक्षेत्र ओगटी उठेका खिचोलासम्बन्धी उजूरीहरू,

(ख) वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ बमोजिमका उजूरीहरू,

(ग) सो क्षेत्रभित्र वन र सरकारी जग्गामा अतिक्रमण, बसोबास र जग्गा वितरण तथा जग्गा दर्ता सम्बन्धमा र वन ऐन, २०१८ अन्तर्गत सजाय हुने अपराधसम्बन्धी उजूरीहरू,

(घ) उक्त क्षेत्रको जग्गा नाप जाँचसम्बन्धी उजूरीहरू,

(ङ) मुआब्जा कायम गर्ने, सुरक्षा पेटी हटाउने र खारेज गर्दाका अवस्थामा र सो जरियासम्बन्धी उजूरीहरू,

(च) मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (४), दफा २९ र ३० अन्तर्गतका उजूरीहरू ।

२. यो विशेष अदालत कायम रहुन्जेल खण्ड ३५, मिति २०४२।११।२७ संख्या ४७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ को दफा १० को उपदफा (१) को



९३० ९२०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिकार प्रयोग गरी सम्बन्धित जिल्लाको हकमा गठन गरिएको वन संरक्षण विशेष अदालतको अधिकार क्षेत्रभित्र परेका उजूरीहरू समेत लिई कारवाही र किनारा गर्न सुम्पिएको छ ।

३. यस विशेष अदालतको कार्यावधि २०४५ साल आषाढ मसान्तसम्म हुनेछ ।

४. यस विशेष अदालतले आफ्नो मुकाम मकवानपुर जिल्लाको जहाँसुकै पनि कायम गर्न सक्नेछ ।

५. खण्ड ३६, मिति २०४३।१०।१५ अतिरिक्ताङ्क ४४ (आ) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम गठित मकवानपुर-चितवन जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालतबाट किनारा हुन बाँकी रहेका मुद्दाहरूमध्ये मकवानपुर जिल्लासंग सम्बन्धित मुद्दाहरू यस विशेष अदालतले कारवाही र किनारा गर्न सक्नेछ ।

६. खण्ड ३६, मिति २०४३।१०।१५ अतिरिक्ताङ्क ४४ (आ) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना ४ बमोजिम गठित मकवानपुर, चितवन जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालत विघटन गरिएको छ।

## सूचना ५

विशेष अदालत ऐन, २०३१ को दफा ३ र ५ को उपदफा (१) (२) र (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिमको अध्यक्ष तथा सदस्यहरू भएको तीन सदस्यीय चितवन जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालत गठन गरी यो आदेश जारी गरेको छ ।

१. माननीय श्री इन्द्रबहादुर खत्री — अध्यक्ष
२. जिल्ला न्यायाधीश, सम्बन्धित जिल्ला अदालत — सदस्य
३. जिल्ला वन नियन्त्रक, सम्बन्धित जिल्ला वन कार्यालय — सदस्य

१. उक्त विशेष अदालतलाई चितवन जिल्ला वनक्षेत्र सुदृढीकरण आयोगको कार्य क्षेत्रभित्र पर्ने देहायको सम्बन्धमा परेको वा पर्ने उजूरीहरू लिई कारवाही र किनारा गर्ने गरी अधिकार सुम्पिएको तथा तोकिएको छ ।

(क) जग्गासम्बन्धी तेरो मेरो हक बेहक र नम्बरीको नाताले सरकारी जग्गा वा वनक्षेत्र ओगटी उठेका खिचोलासम्बन्धी उजूरीहरू,

(ख) वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ बमोजिमका उजूरीहरू,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) सो क्षेत्रभित्र वन र सरकारी जग्गामा अतिक्रमण, बसोबास र जग्गा वितरण तथा जग्गा दर्ता सम्बन्धमा र वन ऐन, २०१८ अन्तर्गत सजाय हुने अपराधसम्बन्धी उजूरीहरू,

(घ) उक्त क्षेत्रको जग्गा नाप जाँचसम्बन्धी उजूरीहरू,

(ङ) मुआब्जा कायम गर्ने, सुरक्षा पेटी हटाउने र खारेज गर्दाका अवस्थामा र सो जरियासम्बन्धी उजूरीहरू,

(च) मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (४), दफा २९ र ३० अन्तर्गतका उजूरीहरू ।

२. यो विशेष अदालत कायम रहुन्जेल खण्ड ३५, मिति २०४२।११।२७ संख्या ४७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ को दफा १० को उपदफा (१) को अधिकार प्रयोग गरी सम्बन्धित जिल्लाको हकमा गठन गरिएको वन संरक्षण विशेष अदालतको अधिकार क्षेत्रभित्र परेका उजूरीहरू समेत लिई कारवाही र किनारा गर्न सुम्पिएको छ ।

३. यस विशेष अदालतको कार्यावधि २०४५ साल आषाढ मसान्तसम्म हुनेछ ।

४. यस विशेष अदालतले आफ्नो मुकाम चितवन जिल्लाको जहाँसुकै पनि कायम गर्न सक्नेछ ।

५. खण्ड ३६, मिति २०४३।१०।१५ अतिरिक्ताङ्क ४४ (आ) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम गठित मकवानपुर, चितवन जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालतबाट किनारा हुन बाँकी रहेका मुद्दाहरूमध्ये चितवन जिल्लासंग सम्बन्धित मुद्दाहरू यस विशेष अदालतले कारवाही र किनारा गर्न सक्नेछ ।

## सूचना ६

विशेष अदालत ऐन, २०३१ को दफा ३ र ५ को उपदफा (१) (२) र (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिमको अध्यक्ष तथा सदस्यहरू भएको तीन सदस्यीय बर्दिया जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालत गठन गरी यो आदेश जारी गरेको छ ।

१. माननीय श्री लालबहादुर खड्का — अध्यक्ष
२. जिल्ला न्यायाधीश, सम्बन्धित जिल्ला अदालत — सदस्य
३. जिल्ला वन नियन्त्रक, सम्बन्धित जिल्ला वन कार्यालय — सदस्य

९३२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. उक्त विशेष अदालतलाई बर्दिया जिल्ला वनक्षेत्र सुदृढीकरण आयोगको कार्य क्षेत्रभित्र पर्ने देहायको सम्बन्धमा परेको वा पर्ने उजूरीहरू लिई कारवाही र किनारा गर्ने गरी अधिकार सुम्पिएको तथा तोकिएको छ ।

(क) जग्गासम्बन्धी तेरो मेरो हक बेहक र नम्बरीको नाताले सरकारी जग्गा वा वनक्षेत्र ओगटी उठेका खिचोलासम्बन्धी उजूरीहरू,

(ख) वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ बमोजिमका उजूरीहरू,

(ग) सो क्षेत्रभित्र वन र सरकारी जग्गामा अतिक्रमण, बसोबास र जग्गा वितरण तथा जग्गा दर्ता सम्बन्धमा र वन ऐन, २०१८ अन्तर्गत सजाय हुने अपराधसम्बन्धी उजूरीहरू,

(घ) उक्त क्षेत्रको जग्गा नाप जाँचसम्बन्धी उजूरीहरू,

(ङ) मुआब्जा कायम गर्ने, सुरक्षा पेटी हटाउने र खारेज गर्दाका अवस्थामा र सो जरियासम्वन्धी उजूरीहरू,

(च) मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (४), दफा २९ र ३० अन्तर्गतका उजूरीहरू ।

२. यो विशेष अदालत कायम रहुन्जेल खण्ड ३५, मिति २०४२।११।२७ संख्या ४७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ को दफा १० को उपदफा (१) को अधिकार प्रयोग गरी सम्बन्धित जिल्लाको हकमा गठन गरिएको वन संरक्षण विशेष अदालतको अधिकार क्षेत्रभित्र परेका उजूरीहरूसमेत लिई कारवाही र किनारा गर्न सुम्पिएको छ ।

३. यस विशेष अदालतको कार्यावधि २०४५ साल आषाढ मसान्तसम्म हुनेछ ।

४. यस विशेष अदालतले आफ्नो मुकाम बर्दिया जिल्लाको जहाँसुकै पनि कायम गर्न सक्नेछ ।

५. खण्ड ३६, मिति २०४३।१०।१५ अतिरिक्ताङ्क ४४ (आ) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम गठित बाँके, बर्दिया जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालतबाट किनारा हुन बाँकी रहेका मुद्दाहरूमध्ये बर्दिया जिल्लासंग सम्बन्धित मुद्दाहरू यस विशेष अदालतले कारवाही र किनारा गर्न सक्नेछ ।

६. खण्ड ३६, मिति २०४३।१०।१५ अतिरिक्ताङ्क ४४ (आ) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना ८ बमोजिम गठित बाँके, बर्दिया जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालत विघटन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ७

विशेष अदालत ऐन, २०३१ को दफा ३ र ५ को उपदफा (१) (२) र (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिमको अध्यक्ष तथा सदस्यहरू भएको तीन सदस्यीय बाँके जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालत गठन गरी यो आदेश जारी गरेको छ ।

१. माननीय श्री जीतसिंह खड्का – अध्यक्ष
२. जिल्ला न्यायाधीश, सम्बन्धित जिल्ला अदालत – सदस्य
३. जिल्ला वन नियन्त्रक, सम्बन्धित जिल्ला वन कार्यालय – सदस्य

१. उक्त विशेष अदालतलाई बाँके जिल्ला वनक्षेत्र सुदृढीकरण आयोगको कार्य क्षेत्रभित्र पर्ने देहायको सम्बन्धमा परेको वा पर्ने उजूरीहरू लिई कारवाही र किनारा गर्ने गरी अधिकार सुम्पिएको तथा तोकिएको छ ।

(क) जग्गासम्बन्धी तेरो मेरो हक बेहक र नम्बरीको नाताले सरकारी जग्गा वा वनक्षेत्र ओगटी उठेका खिचोलासम्बन्धी उजूरीहरू,

(ख) वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ बमोजिमका उजूरीहरू,

(ग) सो क्षेत्रभित्र वन र सरकारी जग्गामा अतिक्रमण, बसोबास र जग्गा वितरण तथा जग्गा दर्ता सम्बन्धमा र वन ऐन, २०१८ अन्तर्गत सजाय हुने अपराधसम्बन्धी उजूरीहरू,

(घ) उक्त क्षेत्रको जग्गा नाप जाँचसम्बन्धी उजूरीहरू,

(ङ) मुआब्जा कायम गर्ने, सुरक्षा पेटी हटाउने र खारेज गर्दाका अवस्थामा र सो जरियासम्बन्धी उजूरीहरू,

(च) मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (४), दफा २९ र ३० अन्तर्गतका उजूरीहरू ।

२. यो विशेष अदालत कायम रहुन्जेल खण्ड ३५, मिति २०४२।११।२७ संख्या ४७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ को दफा १० को उपदफा (१) को अधिकार प्रयोग गरी सम्बन्धित जिल्लाको हकमा गठन गरिएको वन संरक्षण विशेष अदालतको अधिकार क्षेत्रभित्र परेका उजूरीहरू समेत लिई कारवाही र किनारा गर्न सुम्पिएको छ ।

३. यस विशेष अदालतको कार्यावधि २०४५ साल आषाढ मसान्तसम्म हुनेछ ।

४. यस विशेष अदालतले आफ्नो मुकाम बाँके जिल्लाको जहाँसुकै पनि कायम गर्न सक्नेछ ।

९३८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. खण्ड ३६, मिति २०४३।१०।१५ अतिरिक्ताङ्क ४४ (आ) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम गठित बाँके, बर्दिया जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालतबाट किनारा हुन बाँकी रहेका मुद्दाहरूमध्ये बाँके जिल्लासंग सम्बन्धित मुद्दाहरू यस विशेष अदालतले कारवाही र किनारा गर्न सक्नेछ ।

## सूचना ८

विशेष अदालत ऐन, २०३१ को दफा ३ र ५ को उपदफा (१) (२) र (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिमको अध्यक्ष तथा सदस्यहरू भएको तीन सदस्यीय उदयपुर जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालत गठन गरी यो आदेश जारी गरेको छ ।

१. माननीय श्री कृष्णबहादुर मल्ल – अध्यक्ष
२. जिल्ला न्यायाधीश, सम्बन्धित जिल्ला अदालत – सदस्य
३. जिल्ला वन नियन्त्रक, सम्बन्धित जिल्ला वन कार्यालय – सदस्य

१. उक्त विशेष अदालतलाई उदयपुर जिल्ला वनक्षेत्र सुदृढीकरण आयोगको कार्य क्षेत्रभित्र पर्ने देहायको सम्बन्धमा परेको वा पर्ने उजूरीहरू लिई कारवाही र किनारा गर्ने गरी अधिकार सुम्पिएको तथा तोकिएको छ ।

(क) जग्गासम्बन्धी तेरो मेरो हक बेहक र नम्बरीको नाताले सरकारी जग्गा वा वनक्षेत्र ओगटी उठेका खिचोलासम्बन्धी उजूरीहरू,

(ख) वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ बमोजिमका उजूरीहरू,

(ग) सो क्षेत्रभित्र वन र सरकारी जग्गामा अतिक्रमण, बसोबास र जग्गा वितरण तथा जग्गा दर्ता सम्बन्धमा र वन ऐन, २०१८ अन्तर्गत सजाय हुने अपराधसम्बन्धी उजूरीहरू,

(घ) उक्त क्षेत्रको जग्गा नाप जाँचसम्बन्धी उजूरीहरू,

(ङ) मुआब्जा कायम गर्ने, सुरक्षा पेटी हटाउने र खारेज गर्दाका अवस्थामा र सो जरियासम्बन्धी उजूरीहरू,

(च) मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (४), दफा २९ र ३० अन्तर्गतका उजूरीहरू ।

२. यो विशेष अदालत कायम रहुन्जेल खण्ड ३५, मिति २०४२।११।२७ संख्या ४७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ को दफा १० को उपदफा (१) को



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिकार प्रयोग गरी सम्बन्धित जिल्लाको हकमा गठन गरिएको वन संरक्षण विशेष अदालतको अधिकार क्षेत्रभित्र परेका उजूरीहरू समेत लिई कारवाही र किनारा गर्ने सुम्पिएको छ ।

३. यस विशेष अदालतको कार्यावधि २०४५ साल आषाढ मसान्तसम्म हुनेछ ।

४. यस विशेष अदालतले आफ्नो मुकाम उदयपुर जिल्लाको जहाँसुकै पनि कायम गर्न सक्नेछ ।

## सूचना ९

विशेष अदालत ऐन, २०३१ को दफा ३ र ५ को उपदफा (१) (२) र (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिमको अध्यक्ष तथा सदस्यहरू भएको तीन सदस्यीय बारा, पर्सा जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालत गठन गरी यो आदेश जारी गरेको छ ।

| | |
|---|---|
| १. माननीय श्री पिताम्बर थापा | – अध्यक्ष |
| २. जिल्ला न्यायाधीश, सम्बन्धित जिल्ला अदालत | – सदस्य |
| ३. जिल्ला वन नियन्त्रक, सम्बन्धित जिल्ला वन कार्यालय | – सदस्य |

१. उक्त विशेष अदालतलाई बारा, पर्सा जिल्ला वनक्षेत्र सुदृढीकरण आयोगको कार्य क्षेत्रभित्र पर्ने देहायको सम्बन्धमा परेको वा पर्ने उजूरीहरू लिई कारवाही र किनारा गर्ने गरी अधिकार सुम्पिएको तथा तोकिएको छ ।

(क) जग्गासम्बन्धी तेरो मेरो हक बेहक र नम्बरीको नाताले सरकारी जग्गा वा वनक्षेत्र ओगटी उठेका खिचोलासम्बन्धी उजूरीहरू,

(ख) वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ बमोजिमका उजूरीहरू,

(ग) सो क्षेत्रभित्र वन र सरकारी जग्गामा अतिक्रमण, बसोबास र जग्गा वितरण तथा जग्गा दर्ता सम्बन्धमा र वन ऐन, २०१८ अन्तर्गत सजाय हुने अपराधसम्बन्धी उजूरीहरू,

(घ) उक्त क्षेत्रको जग्गा नाप जाँचसम्बन्धी उजूरीहरू,

(ङ) मुआब्जा कायम गर्ने, सुरक्षा पेटी हटाउने र खारेज गर्दाका अवस्थामा र सो जरियासम्बन्धी उजूरीहरू,

(च) मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (४), दफा २९ र ३० अन्तर्गतका उजूरीहरू ।

२. यो विशेष अदालत कायम रहुन्जेल खण्ड ३५, मिति २०४२।११।२७ संख्या ४७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ को दफा १० को उपदफा (१) को

१३५  १३२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिकार प्रयोग गरी सम्बन्धित जिल्लाको हकमा गठन गरिएको वन संरक्षण विशेष अदालतको अधिकार क्षेत्रभित्र परेका उजूरीहरू समेत लिई कारवाही र किनारा गर्न सुम्पिएको छ ।

३. यस विशेष अदालतको कार्यावधि २०४५ साल आषाढ मसान्तसम्म हुनेछ ।

४. यस विशेष अदालतले आफ्नो मुकाम बारा, पर्सा जिल्लाको जहाँसुकै पनि कायम गर्न सक्नेछ ।

## सूचना १०

विशेष अदालत ऐन, २०३१ को दफा ३ र ५ को उपदफा (१) (२) र (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिमको अध्यक्ष तथा सदस्यहरू भएको तीन सदस्यीय सुर्खेत जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालत गठन गरी यो आदेश जारी गरेको छ ।

१. माननीय श्री डम्बरबहादुर बम — अध्यक्ष
२. जिल्ला न्यायाधीश, सम्बन्धित जिल्ला अदालत — सदस्य
३. जिल्ला वन नियन्त्रक, सम्बन्धित जिल्ला वन कार्यालय — सदस्य

१. उक्त विशेष अदालतलाई सुर्खेत जिल्ला वनक्षेत्र सुदृढीकरण आयोगको कार्य क्षेत्रभित्र पर्ने देहायको सम्बन्धमा परेको वा पर्ने उजूरीहरू लिई कारवाही र किनारा गर्ने गरी अधिकार सुम्पिएको तथा तोकिएको छ ।

(क) जग्गासम्बन्धी तेरो मेरो हक बेहक र नम्बरीको नाताले सरकारी जग्गा वा वनक्षेत्र ओगटी उठेका खिचोलासम्बन्धी उजूरीहरू,

(ख) वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ बमोजिमका उजूरीहरू,

(ग) सो क्षेत्रभित्र वन र सरकारी जग्गामा अतिक्रमण, बसोबास र जग्गा वितरण तथा जग्गा दर्ता सम्बन्धमा र वन ऐन, २०१८ अन्तर्गत सजाय हुने अपराधसम्बन्धी उजूरीहरू,

(घ) उक्त क्षेत्रको जग्गा नाप जाँचसम्बन्धी उजूरीहरू,

(ङ) मुआब्जा कायम गर्ने, सुरक्षा पेटी हटाउने र खारेज गर्दाका अवस्थामा र सो जरियासम्बन्धी उजूरीहरू,

(च) मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (४), दफा २९ र ३० अन्तर्गतका उजूरीहरू ।

२. यो विशेष अदालत कायम रहुन्जेल खण्ड ३५, मिति २०४२।११।२७ संख्या ४७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ को दफा १० को उपदफा (१) को अधिकार प्रयोग गरी सम्बन्धित जिल्लाको हकमा गठन गरिएको वन संरक्षण विशेष अदालतको अधिकार क्षेत्रभित्र परेका उजूरीहरू समेत लिई कारवाही र किनारा गर्न सुम्पिएको छ ।

३. यस विशेष अदालतको कार्यावधि २०४५ साल आषाढ मसान्तसम्म हुनेछ ।

४. यस विशेष अदालतले आफ्नो मुकाम सुर्खेत जिल्लाको जहाँसुकै पनि कायम गर्न सक्नेछ ।

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले खण्ड ३६, मिति २०४३।१०।१५ अतिरिक्ताङ्क ४४ (अ) नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम गठित देहायका जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगहरूको अध्यक्षमा देहायबमोजिम हेरफेर गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. माननीय श्री भूपाल किराँती अध्यक्ष – झापा जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग ।

२. माननीय श्री कृष्णप्रसाद उप्रेती अध्यक्ष – नवलपरासी जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग ।

३. माननीय श्री पदमबहादुर सापकोटा अध्यक्ष – कैलाली जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग ।



९३८ ९३७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।